


देशको आर्थिक सामाजिक विकासमा ५० वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक

वर्ष २२ अंक ३ माघ–फागुन २०७१ Year 22 Vol 3 Feb.-March 2015

# राष्ट्रिय वाणिज्य बैंकको स्वर्ण वर्ष भव्य रुपमा मनाइँदै

**माघ १० काठमाडौं**

राष्ट्रिय वाणिज्य बैंकको स्वर्ण वर्षको मूल समारोह राष्ट्रपति डा. रामवरण यादवको प्रमुख आतिथ्यमा काठमाडौ भद्रकालीस्थित आर्मी अफिसर्स क्लवको सभाकक्षमा सम्पन्न भयो । उक्त समारोहको राष्ट्रपति डा. यादवले पानसमा दीप प्रज्वलन गरी समुद्घाटन गर्नु भएको थियो । सो अवसरमा प्रमुख अतिथि राष्ट्रपति डा. यादवले दिगो आर्थिक विकास निम्ति वातावरणीय पक्षमा सबैले ध्यान पुरयाउनु पर्ने वताउंदै मुलुकको वेरोजगारी समस्या समाधान निम्ति राष्ट्रिय वाणिज्य बैंकले कृषिमा लगानी बढाउनु पर्ने वताउनु भयो । सो अवसरमा राष्ट्रपति डा. यादवले उपहार पत्रिकाको स्वर्ण महोत्सव विशेषांकको विमोचन समेत गर्नुभएको थियो । सो कार्यक्रममा विशिष्ट अतिथि अर्थमन्त्री डा. राम शरण महतले विगतमा कठिन अवस्थामा रहेको बैंक सुधारका प्रयासबाट हाल सक्षम अवस्थामा आईपुगेकोमा प्रशन्नता व्यक्त गर्दै बैंकसंग प्रशस्त लगानीयोग्य पुंजी भएकोले लगानीका क्षेत्र बढाउन निर्देशित गर्नुभयो । नेपाल सरकारका मुख्य सचिव लीलामणि पौडेलले रावावैक मुलुककै ठूलो बैंक




*माघ १० गते आयोजित स्वर्ण महोत्सव मूल समारोहको एक झलक*

*बाँकी पृष्ठ ३ मा*

# राष्ट्रिय वाणिज्य बैंकद्वारा खाद्यान्न वितरण

**शक्तिखोर (चितवन )**

“घरमा खाने अन्न छैन, गिट्ठा भ्याकुर खानु पर्छ, चामल बांड्ने खवरले बजार झरेको हो ।” यो भनाई हो सिध्दि ९ छेरवांगकी मनकुमारी चेपांगको । त्यस्तै खुसीले विहानै भोको पेट खाली खुट्टै शक्तिखोर झरेकी छन् ६० वर्षीय सलमाया तामांग । उनीहरू मात्र होईन अनिकालले पिरोलिएका शक्तिखोर, सिध्दि र दाहाखानीबाट चेपांगका ३६ परिवार भोकै पेट खाली खुट्टा वालवच्चा बोकेर शक्तिखोर झरेका छन् । कति सुन्दर हुंदोरहेछ टन्न अघाईन्जेल खाने सपना .......।

यो विपन्न चेपांग परिवारको भोको पेटमा अन्न र मुहारमा खुसी पोख्ने चांजोपांजो मिलाएको थियो राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय नारायणगढ (चितवन)ले । रावावैक नारायणगढ शाखाद्वारा बैंकको वार्षिकोत्सवको अवसरमा चियापानका निम्ति छुट्टाईएको वजेटबाट स्थानीय चेपांगजातिका ३६ परिवारलाई चामल तथा नून वितरण गरिएको थियो । “गत वर्ष जेका लागि बजेट आउँछ त्यही काममा खर्च गर्थ्यौ यसपालि हाम्रो शाखा परिवारमा नयां सोंच पलायो, केही नयां काम गरौं भनेर चामल बांडेका हों राष्ट्रिय वाणिज्य बैंक पूर्ण सरकारी बैंक भएकोले सर्वसाधारण जनताप्रति यस बैंकको अगाध प्रेम र असीम दायित्व छ । यस सामाजिक कामले बैंक र सर्वसाधारणवीच सम्वन्ध विस्तारको काम समेत गर्नेछ ।” यस सामाजिक कार्यक्रमका परिकल्पनाकार शाखा प्रवन्धक ऋषिराम ढकालले वताउनुभयो । धन्यवाद, राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय नारायणगढको प्रयासलाई जसले यौटा प्रेरक सन्देश दिएको छ सबैलाई ।



## यस अंकमा

- राष्ट्रिय वाणिज्य बैंकको स्वर्ण वर्ष सम्वन्धी सामग्री
- वित्तीय साक्षरता अभियान
- शाखा स्थापना पातीचौर (पर्वत)
- पुरष्कृत शाखाहरू
- पत्रपत्रिकाबाट
- साथमा स्मायी स्तम्भ

# सम्पादकीय

## वित्तीय साक्षरता अभियानमा राष्ट्रिय वाणिज्य बैंक

नेपालको वित्तिय साक्षरता अभियानमा राष्ट्रिय वाणिज्य बैक आरम्भदेखि नै सक्रिय रही आएको छ। बैंकले वित्तीय साक्षरतालाई सफलिभूत गराउन वित्तीय पहुंच र समावेशिता अभिवृध्दि आधारविन्दू रहेको तथ्यलाई हृदयंगम गरी शाखा विस्तार, मोवाईल तथा ब्रान्चलेस बैकिंग लगायतका आधुनिकतम बैकिंग सेवा विस्तारका कार्यलाई उच्च प्राथमिकतापूर्वक अघि बढाउंदै आएको छ । यी प्रयत्नहरूको वावजुद देशमा वित्तिय साक्षरताको अवस्थामा अपेक्षित सुधार हुन नसकेका तथ्यहरू अनुभूत भैरहेका छन् । देशमा बैंक तथा वित्तीय संस्थाको संख्यात्मक बृध्दिको वावजुद देशका अधिकांश जनता अद्यापी बैकिंग सेवाबाट विमुख रहेका छन् , सेवा उपलव्ध क्षेत्रमा पनि जनतामा वचत चेतना न्यून छ, ढिकुटी, साहुमहाजनजस्ता अनौपचारिक क्षेत्रमा निक्षेप कर्जा कारोवार गर्ने, बैंकबाट कर्जा लिन डराउने, रेमिटान्सको उत्पादनशील उपयोगभन्दा उपभोगमा सिध्दाउने, उपभोग पनि उपयुक्त क्षेत्रमा नगर्ने,रेमिटान्समा हुण्डिजस्ता अवैध माध्यम प्रयोग गर्ने, नोटको जतन नगर्ने, जोखीमबाट सुरक्षा निम्ति वीमा सेवाको प्रयोग नगर्ने, उद्यमशीलता नअपनाउने आदीबाट परिवार, समाज र राष्ट्रलाई नै अप्ठेरोमा पार्ने आम नेपालीको प्रवृत्तिमा सुधार ल्याउनु गंभीर पहलको आवश्यकता देखिएको थियो । यस परिप्रेक्ष्यमा राष्ट्रको आवश्यकतालाई मध्यनजर गरी नेपाल राष्ट्र बैंकले नेपालका वित्तिय संस्थाहरूलाई यस सम्वन्धी कार्यक्रम अघि बढाउन गरेको निर्देशनलाई आत्मसात गर्दै यस बैंकद्वारा केही पहिले वार्षिकोत्सवका अवसरमा वित्तीय साक्षरता अभियानको घोषणा गरी प्रथम चरणमा धनुषा,नवलपरासी र कास्कीमा यो कार्यक्रम लागू गर्ने उद्घोष गरिएको थियो । अभियान संचालन निम्ति पुस्तक तथा तालीम निर्देशिका प्रकाशित भई प्रशिक्षक प्रशिक्षण कार्यक्रमसमेत सम्पन्न भईसकेका छन् । बैंकले यस अभियान संचालन निम्ति आरम्भ गरेका प्रयासले राष्ट्रिय चर्चा पाए, निश्चय पनि यो बैंकको लागि गौरवको कुरा हो, अव बेला आएको छ कर्मक्षेत्रमा उत्रने । नेपाली समाजमा वित्तिय चेतनाको स्तर उंचो बनाई समग्र नेपालको आर्थिक सामाजिक रूपान्तरणमा अग्रणी भूमिका निभाउने दिशामा परिलक्षित हुन सकून हाम्रा कदमहरू ।

## सम्पादकलाई चिठी

श्री सम्पादकज्यू
राष्ट्रिय वाणिज्य बैंक समाचार

केही अघि म त्यस बैंकको शाखा कार्यालय महाराजगन्जमा चेक साट्न गएको थिएं। चेकको भुक्तानी लिन परिचयपत्रको फोटो कपि मागियो। त्यो परिचयपत्रको फोटोकपि गर्ने सेवा बैंकमा रहेनछ। बैंक वरपर फोटोकपि गर्ने ठाउं खोज्न मलाई १२ मिनेट लाग्यो। रावाबैंकमा १,२ मिनेटमै चेक भुक्तानी हुन्छ भन्ने खवर लेख्ने पढ्ने गरेकोमा मलाई झण्डै १५ मिनेट लाग्यो। हरेक शाखामा फोटोकपि सेवा उपलव्ध गराए यस बैंकका धेरै ग्राहकको समय र श्रम वचत हुने थियो, यसबारे विचार गर्ने कि।

गोकर्ण अवस्थी

कान्तिपुर दैनिक

अवस्थीजी

राष्ट्रिय वाणिज्य बैकको सेवा सुधार सम्वन्धमा चासो देखाउनुभई अमूल्य सुझाव दिनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं। यहांको सुझाव कार्यान्वयन निम्ति पहल गर्ने व्यहोरा अवगत गराउंदछौं।

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, केन्द्रीय कार्यालय, सिंहदरवार प्लाजा, काठमाडौं

प्रधान सम्पादक, **मुकुन्द अर्याल**/सह सम्पादक, **भरत नेपाल**

**क्षेत्रीय सम्वाददाता**

नेपालगन्ज क्षेत्र प्रेम बहादुर चन्द मो.९८५८०२४०७१,
वीरगन्ज क्षेत्र वालमुकुन्द ठाकुर मो ९८४५१३५६०१,
विराटनगर क्षेत्र गायत्री गुरागांई मो.९८४२१८६०००,
पोखरा क्षेत्र केशव नारायण प्रधान ९८४६२६४८६६,
काठमाडौं क्षेत्र रविन्द्र पोखेल मो.९८५१०६२८४१
Email:rbbnl@rbb.com.np

## राष्ट्रिय वाणिज्य बैंकद्वारा स्वास्थ्य परीक्षण कार्यक्रम

**फागुन ३० काठमाडौ**

राष्ट्रिय वाणिज्य बैंकद्वारा आफनो स्वर्ण वर्षको अवसरमा ग्राहक सेवालाई छिटो छरितो गराउने उध्देश्यले आयोजित यस बैंकमा कार्यरत कर्मचारी र कर्मचारी परिवारको सम्पूर्ण स्वास्थ्य परीक्षण सेवा सम्पन्न भएको छ। स्वस्थ कर्मचारी र मधुर मुस्कानसहितको छरितो ग्राहक सेवा भन्ने नाराका साथ संचालित उक्त सम्पूर्ण स्वास्थ्य परीक्षण सेवाको बैंक संचालक समितिका अध्यक्ष डा रेवत बहादुर कार्कीले एक समारोहका बीच शुभारम्भ गर्नुभयो।



बैंकको स्वर्ण वर्ष संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह समितिका संयोजक सुशिल श्रेष्ठको संयोजनमा नोभस डाइग्नोस्टिक प्याथ ल्याव्ससंगको सहकार्यमा संचालित उक्त त्रिदिवशीय कार्यक्रममा बैंकका का.मु.नायव प्रमुख कार्यकारी अधिकृत भेषराज पन्थी लगायत बैंकका ४०३ कर्मचारी ४७ कर्मचारी परिवारका सदस्यसहित कुल ४५० जनाको स्वास्थ्य परीक्षण गरिएको जानकारी उक्त कार्यक्रमका सह-संयोजक अग्र विष्टले दिनु भएको छ।

### समाचार संक्षेप

## रावाबैकको ऐतिहासिक मुनाफा

राष्ट्रिय वाणिज्य बैंकले चालु आर्थिक वर्षको प्रथम अर्ध वर्षमा रु ३ अर्ब ६० करोड खुद मुनाफा आर्जन गरेको छ। यो मुनाफा बैंकको इतिहासमै सर्वाधिक हो। बैंकले केही पहिले आफनो नाममा रहेको नेपाल इन्भेष्टमेन्ट बैंक लि.को संस्थापक शेयर बिक्रीबाट करिव ३ अर्ब रकम आर्जन गरेबाट यो मुनाफा संभव भएको हो।

## राष्ट्रिय वाणिज्य बैंकद्वारा साप्ताहिक जनचेतना कार्यक्रम

राष्ट्रिय वाणिज्य बैंकद्वारा वर्तमान र सम्भाव्य ग्राहकलाई बैंकद्वारा प्रदान गरिने इलेक्ट्रोनिक सेवा र ती सेवाहरू प्रयोग गर्दा अपनाउनु पर्ने सजगता सम्वन्धमा जानकारी गराउने उध्देश्यले सप्ताहव्यापी जनचेतना कार्यक्रम (माघ २० देखि २५) संचालन गरियो। बैंकको इलेक्ट्रोनिक विभागको पहलमा आयोजित उक्त कार्यक्रम अन्तर्गत उपत्यकास्थित शाखा कार्यालयहरू र एटिएम सेवाविन्दुहरूमा कर्मचारीहरूद्वारा ग्राहकलाई बैंकद्वारा प्रदत्त सेवाबारे मौखिक तथा लिखित (ब्रोसर) जानकारी प्रदान गरिएको थियो।

## पूर्व सेवा तालीम सम्पन्न

**माघ १८**

राष्ट्रिय वाणिज्य बैंक तालीम तथा विकास विभागको आयोजनामा नव प्रवेशी तेश्रो तहका कर्मचारीलाई संचालित ६ दिवशीय पूर्व सेवा तालीम सम्पन्न भयो।



## राष्ट्रिय वाणिज्य बैंकको ... क्रमश पृष्ठ १ बाट

भएकोले ग्राहकलाई प्रभावकारी सेवा दिन कर्मचारीको क्षमता अभिवृध्दि गर्नुपर्ने वताउनुभयो । राष्ट्रिय वाणिज्य वैंक संचालक समितिका अध्यक्ष डा. रेवत बहादुर



प्रमुख अतिथि राष्ट्रपति डा. रामवरण यादवलाई स्वागत गर्दै बैंकका अध्यक्ष डा. रेवत बहादुर कार्की र प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद शर्मा

कार्कीको सभापतित्वमा सम्पन्न उक्त समारोहमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर महाप्रसाद अधिकारीले शुभकामना मन्तव्य दिनुभएको थियो भने राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले स्वागत मन्तव्य दिनुभएको थियो । पत्रकार शिवानी वस्नेतको उद्घोषणमा सम्पन्न उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्यहरू, बैंकका वरिष्ठ अधिकृत तथा कर्मचारीहरू , राष्ट्रिय संचार माध्यमका प्रतिनिधिहरू र आमन्त्रित अतिथिहरूको वाक्लो उपस्थिति थियो ।

उक्त अवसरमा आर्थिक पत्रकारहरू कुवेर चालिसे र रूपकदेव शर्मालाई संयुक्त




सेजनका अध्यक्ष विज्ञान अधिकारीलाई चेक हस्तान्तरण गर्दै अर्थ मन्त्री डा. महत

रूपमा रु ५००००। राशीको राष्ट्रिय वाणिज्य बैंक पत्रकारिता पुरष्कार प्रदान गरिनुका साथै आर्थिक पत्रकार समाज नेपाल (सेजन ) लाई रु २ लाख रूपैयांसहित सम्मान




रावाबैंक पत्रकारिता पुरस्कार ग्रहण गर्दै पत्रकारद्वय

गरिएको थियो । यसैगरि बैंकद्वारा असहाय तथा गरीव विरामीलाई निःशुल्क रगत उपलव्ध गराउने प्रयोजनार्थ नेपाल रेडक्रस सोसाईटिलाई रु १३ लाख रूपैयाको चेक प्रदान गरिएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा शैक्षिक सामग्री वितरण

राष्ट्रिय वाणिज्य बैंकले स्वर्ण जयन्ती वर्षको अवसरमा ग्रामीण क्षेत्रमा अध्ययनरत वालवालिकालाई शैक्षिक सामग्री वितरण कार्य आरम्भ गरेको छ । यसै क्रममा बैंकले हालै भक्तपुर जिल्लाको दुर्गम स्थान सिपाडोलमा संचालित सरस्वती निम्न माध्यमिक विद्यालयमा अध्ययनरत ७० विद्यार्थीलाई कापी,कलम, ज्यामिति वाकस र किताव कापी राख्ने झोलासहितको शैक्षिक सामग्री वितरण गरेको छ । राष्ट्रिय वाणिज्य बैंकका



का.मु. नायव महाप्रवन्धक सुशिल श्रेष्ठले सिपाडोलमा आयोजित एक समारोहका बीच यस कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जगत बहादुर लामाको सभापतित्वमा संचालित उक्त कार्यक्रममा विद्यालयका प्रधान अध्यापक शान्त वहादुर तामांगले आफनो स्वागत मन्तव्यमा यस विद्यालयमा अध्ययनरत विपन्न वालवालिकालाई शैक्षिक सामग्री वितरण गरेकोमा प्रशन्नता व्यक्त गर्दै आगामी दिनमा समेत बैंकबाट अन्य सहयोग प्राप्त हुने अपेक्षा प्रकट गर्नुभएको थियो । सो अवसरमा बैंकका का.मु. नायव महाप्रवन्धक सुशिल श्रेष्ठले यस देशको भविष्यको रूपमा रहेका वालवालिकाको



शिक्षा स्वास्थ्यको विकासका निम्ति बैंकले आगामी दिनमा समेत हरसंभव सहयोग पुरयाउने प्रतिवध्दता प्रकट गर्नुभएको थियो । उक्त कार्यक्रममा सोही विद्यालयका शिक्षक पन्चमाया तामांगले अतिथिहरूलाई पुष्पगुच्छाले स्वागत गर्नुभएको थियो भने सोही विद्यालयका शिक्षक नरेन्द्र सिंह धामीले कार्यक्रम संचालन गर्नुभएको थियो । बैंकको स्वर्ण जयन्ती वर्षको अवसरमा संस्थागत सामाजिक दायित्व कार्यक्रम अन्तर्गत बैंकको शाखा कार्यालय सूर्य विनायकको पहलमा आयोजित उक्त कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक , विद्यार्थीहरूका साथै राष्ट्रिय वाणिज्य बैंकका मुख्य प्रवन्धकहरू उध्दव खनाल, नरेश अर्याल, रमिता सुवाल ,वरिष्ठ प्रवन्धक मुकुन्द अर्याल ,शाखा कार्यालय सूर्य विनायकका प्रवन्धक शिव चालिसे लगायत विद्यालय परिवारको समुपस्थिति थियो ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा वित्तिय साक्षरता कार्यक्रम शुभारम्भ

माघ २० काठमाडौ

राष्ट्रिय वाणिज्य बैंकद्वारा संचालन गरिने वित्तिय साक्षरता अभियानको नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले एक समारोहका बीच शुभारम्भ गर्नुभयो। उक्त कार्यक्रममा प्रमुख अतिथि डा. खतिवडाले बैंकद्वारा मुकुन्द अर्यालको लेखनमा प्रकाशित **सुखको बाटो** नामक चेतनामूलक उपन्यास र मित्रलाल पंज्ञानीद्वारा संयोजित **वित्तिय साक्षरता प्रशिक्षण पुस्तिका**को विमोचन गर्नुभयो। यसै अवसरमा गभर्नर डा खतिवडाले बैंकले सर्वसाधारण जनतालाई आधुनिक बैकिंग सेवातर्फ आकर्षित गर्न मनाउन लागेको कार्ड सप्ताहको साथै वित्तिय चेतना सम्वन्धि श्रव्य दृश्य शुभारम्भ गर्नुभयो । सो अवसरमा डा. खतिवडाले वित्तिय पहुंच, समावेशिता अभिवृध्दि गदै देशमा वित्तिय स्थायित्व कायम गर्न राष्ट्रिय वाणिज्य बैंकले चालेको वित्तिय साक्षरता अभियानले सहयोग पुरयाउने अपेक्षा प्रकट गर्नुभयो । रावावैक संचालक समितिका अध्यक्ष डा. रेवत बहादुर कार्कीको सभापतित्वमा सम्पन्न उक्त समारोहमा अध्यक्ष डा. कार्कीले रावावैकका संस्थापक संचालकहरू श्री दामोदयाल दुवाडी र श्री इश्वरीलाल श्रेष्ठलाई सम्मानित गर्नुभयो। सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले स्वागत मन्तव्य प्रस्तुत गर्दै नेपाली जनताको वित्तिय चेतना उंचो बनाई नेपालको समग्र वित्तिय तसवीर सुन्दर बनाउने सामाजिक दायित्वभावले ओतप्रोत भई बैंकले वित्तिय साक्षरता कार्यक्रम आरम्भ गरेको वताउनु भयो । सोही अवसरमा प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले प्रथम चरणको कार्यक्रम तय गरिएका ३ जिल्लामा प्रशिक्षण कार्यक्रम संचालन निम्ति आयोजित प्रशिक्षक प्रशिक्षण कार्यक्रमको शुभारम्भसमेत गर्नुभयो ।




*राष्ट्रिय वाणिज्य बैंकद्वारा प्रकाशित सुखको बाटो नामक उपन्यासको बिमोचन गर्दै नेपाल राष्ट्र बैंकका तत्कालिन गभर्नर डा. युवराज खतिवडा*

## प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न

माघ २१ काठमाडौ

राष्ट्रिय वाणिज्य बैंकद्वारा स्वर्ण वर्षको अवसरमा आरम्भ गरिएको वित्तिय साक्षरता अभियान अन्तर्गत आयोजित दुई दिवशीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम हालै सम्पन्न भयो। उक्त कार्यक्रममा पहिलो चरणमा धनुषा, नवलपरासी र कास्की जिल्लामा वित्तिय साक्षरता कार्यक्रम संचालन निम्ति २२ जना प्रशिक्षकलाई प्रशिक्षण प्रदान गरियो । उक्त प्रशिक्षण कार्यक्रमको समापन समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले देशको ठूलो र सरकारी बैंकको नाताले सामाजिक दायित्वको रूपमा संचालन गर्न लागेको यस कार्यक्रमलाई सफल बनाई देशको आर्थिक सामाजिक रूपान्तरणमा योगदान पुरयाउन सहभागीहरूलाई निर्देशित गर्नुभयो । समूहगत विभाजन गरी आगामी






कार्ययोजना तय गरिएको उक्त कार्यकममा कास्कि समूहका नेता टीका के.सी. ,नवलपरासी समूहका नेता मनोज विलास पन्त र धनुषा समूहका नेता दीपक राज न्यौपानेले आगामी कार्ययोजनाबारे प्रस्तुती दिनुभएको थियो । राष्ट्रिय वाणिज्य बैंक वित्तिय साक्षरता उप समितिका संयोजक कपिलमणि ज्ञवाली र तालीम तथा विकास विभागका उपप्रवन्धक सुरेन्द्र तिवारीको संयोजनमा सम्पन्न उक्त प्रशिक्षण कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक चिन्तामणि सुवेदी , राष्ट्रिय वाणिज्य बैंक तालीम तथा विकास विभागका वरिष्ठ प्रवन्धक मित्रलाल पंज्ञानी , जनसम्पर्क तथा सूचना शाखाका वरिष्ट प्रवन्धक मुकुन्द अर्याल र संचार परामर्शदाता हृदय गौतम लगायतका महानुभावले बैंकको वित्तिय साक्षरता कार्यकमको आगामी कार्यदिशाबारे सहजिकरण गर्नु भएको थियो ।

## राष्ट्रिय वाणिज्य बैंकको ... *क्रमश पृष्ठ ३ बाट*

माघ ९ ,काठमाडौ
राष्ट्रिय वाणिज्य बैंकले स्थापनाको स्वर्ण वर्ष देशभरि नै विविध कार्यक्रमहरूको आयोजना गरि भव्य रूपमा मनाउने सिलसिलामा बैंकको केन्द्रीय कार्यालयमा एक भव्य समारोहको आयोजना गरियो ।



बैंक संचालक समितिका अध्यक्ष डा. रेवत बहादुर कार्कीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा डा. कार्कीले बैंकका संस्थापक संचालक तथा संस्थापक कर्मचारीलाई सम्मानित गर्नुका साथै दीर्घसेवा गर्ने कर्मचारीलाई दीर्घ सेवा पदक वितरण गर्नुभएको थियो । साथै सो



*राष्ट्रिय वाणिज्य बैंकद्वारा प्रकाशित बैंक र श्रष्टा नामक कृतिको बिमोचन गर्दै बैंकका अध्यक्ष डा. रेवत बहादुर कार्की र पूर्व मुख्य अधिकृत देवीचन्द्र श्रेष्ठ*

अवसरमा सर्वोत्कृष्ट, उत्कृष्ट शाखा तथा कर्मचारीको घोषणा गरिनुका साथै बैंकद्वारा आयोजित रक्तदान कार्यक्रमका रक्तदाता र आन्तरिक प्रतियोगिताका विजयीहरूलाई पुरष्कार वितरण गरिएको थियो । सो अवसरमा अध्यक्ष डा. कार्कीले बैंकद्वारा माणिक रत्न शाक्यको सम्पादनमा प्रकाशित **बैंक र श्रष्टा**... पुस्तकको विमोचन समेत गर्नुभएको थियो । सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले बैंकले राष्ट्रिय वाणिज्य बैंक..... तपाईको आफ्नै बैंक ....ग्राहकलाइ केन्द्रविन्दुमा राख्दै .....भन्ने नाराका साथ भव्य रूपमा मनाउने उद्घोष गर्नुभएको थियो । बैंकका का.मु. नायव प्रमुख कार्यकारी अधिकृत भेषराज पन्थीको स्वागत मन्तव्यबाट बैंकका संचालकहरूको समुपस्थितिमा सम्पन्न उक्त समारोहमा बैंकमा कार्यरत ४ वटै यूनियनका प्रतिनिधिहरूले मन्तव्य दिनुभएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकमा रक्तदान

राष्ट्रिय वाणिज्य बैंक स्थापनाको स्वर्ण वर्ष देशभरि नै विविध संस्थागत सामाजिक कार्यक्रमहरूको आयोजना गरि भव्य रूपमा मनाइयो ।



यसैक्रममा बैकद्वारा आयोजित रक्तदान कार्यक्रममा बैंकको इतिहासमै सबैभन्दा बढी कुल ३७४ व्यक्तिहरूद्वारा रक्तदान भएको छ । सो अवसरमा काठमाडौ क्षेत्रबाट १२२, वीरगन्ज क्षेत्रबाट ८३, विराटनगर क्षेत्रबाट ६९, नेपालगन्ज क्षेत्रबाट ५० र पोखरा क्षेत्रबाट ५० गरी कुल ३७४ जनाले रक्तदान गरे ।



*राष्ट्रिय वाणिज्य बैंकद्वारा संचालित रक्तदान कार्यक्रमको एक झलक*

# वार्षिकोत्सवको अवसरमा पुरष्कृत शाखा कार्यालयहरू

### सर्वोत्कृष्ठ शाखा कार्यालय सन्धिखर्क

### क वर्गका शाखामध्येबाट

| | |
|---|---|
| प्रथम | शाखा कार्यालय वानेश्वर |
| द्वितीय | शाखा कार्यालय अमरसिंह चोक |
| तृतीय | शाखा कार्यालय भोटाहिटि |

### ख वर्गका शाखामध्येबाट

| | |
|---|---|
| प्रथम | शाखा कार्यालय भैरहवा |
| द्वितीय | शाखा कार्यालय सिंहदरवार |
| तृतीय | शाखा कार्यालय धनगढी |

### ग वर्गका शाखामध्येबाट

| | |
|---|---|
| प्रथम | शाखा कार्यालय सन्धिखर्क |
| द्वितीय | शाखा कार्यालय सिन्धुली |
| तृतीय | शाखा कार्यालय नारायणगढ |
| तृतीय | शाखा कार्यालय सुर्खेत |

### घ वर्गका शाखामध्येबाट

| | |
|---|---|
| प्रथम | शाखा कार्यालय वाग्लुङ्गबजार |
| द्वितीय | शाखा कार्यालय मन्थली |
| द्वितीय | शाखा कार्यालय दैलेख |
| तृतीय | शाखा कार्यालय प्युठान खलंगा (विजुवार) |

### ङ वर्गका शाखामध्येबाट

| | |
|---|---|
| प्रथम | शाखा कार्यालय सुनवल |
| द्वितीय | शाखा कार्यालय पथरी |
| तृतीय | शाखा कार्यालय कटारी |

# शुभकामना तथा प्रतिवध्दता साटासाट

विभिन्न क्षेत्र तथा शाखा कार्यालयहरूमा ग्राहक तथा सरोकारवालाहरू माझ भेटघाट गरी शुभकामना तथा प्रतिवद्धता साटासाटका साथै विविध कार्यक्रमहरूको आयोजना गरी राष्ट्रिय वाणिज्य बैंकको **स्वर्ण महोत्सव** भव्यतापूर्वक मनाइएका खवरहरू प्राप्त हुने क्रम जारी छ ।

**पोखरा क्षेत्र**

**माघ १०,पोखरा**

राष्ट्रिय वाणिज्य बैंकको ५०औं वर्ष प्रवेश तथा स्वर्ण जयन्ती वर्ष महोत्सवको उपलक्ष्यमा क्षेत्रीय कार्यालय पोखराद्वारा आयोजित कार्यक्रम नेपाल राष्ट्र बैंक पोखराका मूख्य व्यवस्थापक श्री ऋषिकेश भट्टको प्रमुख आतीथ्यमा भव्यतापूर्वक सम्पन्न भयो ।

प्रमूख अतिथी नेपाल राष्ट्र बैंक पोखराका मुख्य व्यवस्थापक श्री ऋषिकेश भट्टले पानसमा वत्ति वाली कार्यक्रमको उद्घाटन गर्नु हुँदै मानिस ५० वर्ष पूग्दा जसरी वेला वेलामा विरामी भै निको हुँदै जान्छ त्यसै गरी यो बैंक पनि विचमा विरामी भै हालको दशकदेखि निको हुँदै गइरहेको छ । सरकारी बैंक भएको र जनताको अपार माया भएकै कारण निक्षेप र कर्जामा विना वजारीकरण यसको कारोवार वृद्धि हुँदै गइरहेको छ भने अझै जनताको सामू पूगि कार्य गरेमा यो बैंक पहिलो नम्बरको बैंक हुने औल्याउँदै बैंकको पूर्ण सफलताको कामना गर्नुभयो ।

शुभकामना मन्तव्य व्यक्त गर्नुँ हुँदै पोखरा उद्योग वाणिज्य संघका द्धितिय उपाध्यक्ष श्री मिनराज काफ्ले, लेखनाथ उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री लक्ष्मी प्रसाद त्रिपाठी, पूर्व कर्मचारी श्री श्याम कूमार शर्मा, लक्ष्मी हाउसका प्रो.श्री गणेश बहादुर श्रेष्ठ, वरिष्ठ व्यवसायी श्री विनोद



चन्द्र वराल, कर्माचार्य हाउसका श्री विक्रम कर्माचार्य, ग्लोवल कलेजमा प्रिन्सिपल श्री बावूराम पन्त, उच्च माध्यमिक शिक्षा परिषद् पोखराका प्रमुख श्री रमेश अधिकारी, कृषि बिकास बैंकका क्षेत्रीय प्रमूख श्री झलक बहादूर भण्डारी, महिला उद्यमी श्रीमती ईन्दीरा बराल, पूर्व सभासद तथा व्यवसायी श्री कृष्णबहादुर गुरुङ्ग लगायतले राष्ट्रिय वाणिज्य बैंक प्रौढ भएता पनि यूवा भई काम गरेको, जनताहरूको अपार माया र बिश्वास रहेको, नयाँ प्रबिधि र उत्पादनहरू सहित आएकोले बजारमा राम्रो छबी बनाई प्रतिष्पर्धी माथी बिजय प्राप्त गरेको, बैंकको कार्यजालो ठूलो हुनाले उत्कृष्ठ ब्यवस्थापन सहित संचालन भएको, बैंकको कार्य प्रगती सरहानीय रहेको, द्वन्द्वकालमा बिस्थापित शाखाहरू पुनः स्थापना भएका, राज्यको नीति बमोजिम आर्थिक क्षेत्रमा अगाडि बढन प्रेरित रहेको हुँदा बैंकको अझै उन्नती र प्रगतीको कामनाका साथै सूधार हुनु पर्ने क्षेत्र अन्तरगत कृषि कर्जामा ५% ब्याज उत्साहजनक रहे पनि उमेर र सीमाको हदबन्दि हटाउनु पर्ने, कर्जा निक्षेप अन्तर ठुलो भएकोमा कम जोखिम क्षेत्रको पहिचान गरी लगानी बढाउनु पर्ने, धितोमूखि नभई परियोजनामा लगानी गर्नु पर्ने, रोजगारी मूलक क्षेत्र, धार्मिक पर्यटकिय क्षेत्र, सामाजिक उत्तरदायित्व बहन हूने क्षेत्रमा लगानी बढाउनु पर्ने, घरानिया ब्यवसायी



तथा उद्यमीलाई मात्र नभई मध्यम र निम्न वर्ग तथा ग्रामिण क्षेत्रमा पहूँच पुऱ्याउने कार्य गरेमा बैंक अझै उन्नती तर्फ बढ्न गई देशकै एक मात्र ठूलो बैंक हुने धारणा सहित स्वर्ण जयन्ती वर्ष सफल होस् भन्ने शुभकामना मन्तब्य ब्यक्त गर्नुभयो ।

क्षेत्रीय कार्यालय पोखराका क्षेत्रीय प्रवन्धक श्री देवेन्द्र रमण खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्षेत्रीय प्रवन्धक खनालले सम्पूर्ण उपस्थितीमा आभार ब्यक्त गर्दै राष्ट्रिय वाणिज्य बैंकको समग्र स्थिति र यस क्षेत्रको अवस्थाबारे प्रकाश पार्नु भएको थियो ।

क्षेत्रीय कार्यालय पोखराका उप प्रबन्धक श्री गंगाधर पौडेलको संचालनमा उप प्रमुख श्री टिकाराम के.सी को स्वागत मन्तब्यबाट आरम्भ भएको कार्यक्रमम उप प्रमुख श्री राजेन्द्र कुमार कट्टेलले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

*(पोखराबाट केशवनारायण प्रधान, तस्विरः हितकाजी गुरुङ)*

## श्रध्दाञ्जली



यस बैंकको आन्तरिक लेखा परीक्षण विभागका वरिष्ठ सहायक अशोक खनाल (१००११) को मिति २०७१/९/२२ मा असामयिक निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको निम्ति सर्वशक्तिमान भगवानसंग प्रार्थना गर्दै हार्दिक श्रध्दासुमन अर्पण गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक
परिवार

## समवेदना

यस बैंकको क्षेत्रीय कार्यालय विराटनगरका सहायक प्रवन्धक प्रशान्त कुमार वास्कोटाका पिता छविरमण वास्कोटा,वरिष्ठ सहायक चण्डिराज भटराईकी माता राधादेवी भटराई, शाखा कार्यालय सुख्खा वन्दरगाहका प्रवन्धक नारायण बहादुर टण्डनकी माता लाल कुमारी टण्डन,शाखा कार्यालय दुहवीका नगद सहायक लक्ष्मण आचार्यका पिता प्रतिमान आचार्य,शाखा कार्यालय जलेश्वरका प्रवन्धक गौरी शंकर मण्डलका पिता मुसहर मण्डल,शाखा कार्यालय वनेपाका खचान्चि रामप्रसाद धितालकी माता रत्न कुमारी धितालको केही पहिले असामयिक निधन भएकोमा दिवंगत आत्माहरूको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक
परिवार

## कविता

# हर्षबेदना

**सन्दर्भ रावावैकको स्वर्ण वर्ष**

इच्छा जाहेर छ जिउने यो थलोमा रवि चन्द्र रहुन्जेल ।
मेरो जीवन अनन्त रहोस् मेची काली बहुन्जेल ॥

त्यो बेला अर्थतन्त्र थेन हाम्रो आफनै वशमा
जन्मे म यस तपोभूमीमा २०२२ माघ दशमा ।
अर्थतन्त्रको सेवा निम्ति वहुतै बुन्न थालें देशभर जालो
एकलै दुक्लै थियौ दौडमा थेन कोही मलाई दिने पालो ॥

काट्यो नेटो समयले एकचोटी फैलियो दुर्भाग्यको बादल ।
खती बढ्यो मान शान सबै गयो धसिए म पातल ॥
रोएथे बेदना सम्भी ती बखतका हौसला थिएन कोटीको ।
गुणै र जश छ बहुत मलाई ह्यान्डरसनका* अमूल्य बुटीको ॥

कोल्टो फेर्दै छ समयले अब त यहाँ फैलिदै छ उन्नत ।
गर्नु छ उन्नती देशबासीको यहाँ देखाउनु छ जन्नत ॥
राख्नु है मर्यादा र मान अति नै सेतो त्यो कमिजको ।
मिठो र शील सोभाव अतिप्रिय, हुन्छ मूल्य तमीजको ॥

टोलै पिच्छे बढ्या छन प्रतिद्धन्दी यहाँ बढेको छ अस्वस्थता ।
स्वीकार्य गर्नु छ जोखिम सबै हटाउनु छ अनिश्चतता ॥
गर्नुछ रक्षा सदैब नगद जनताको धितो लियाको जति ।
गर्नु सेवा देवताझै ग्राहकको झर्को नमानी कत्ति ॥


इच्छा जाहेर छ जिउने यो थलोमा रवि चन्द्र रहुन्जेल ।
मेरो जीवन अनन्त रहोस् मेची काली बहुन्जेल ॥

**ब्रुस एफ हेण्डरसन, अमेरिकी नागरिक (करार व्यवस्थापन अन्तर्गत नियुक्त प्रथम प्रमुख कार्यकारी अधिकृत)*

नबराज ओझा, रा.बा.बै. डोटी
९८४८४२४४३६



*शेयर खरिद निम्ति जनचासासो तामाकोशिको शेयर आवेदन निम्ति रा.वा.बैंक मुख्य शाखा कार्यालय काठमाडौंमा लागेको लामको एक झलक*
*तस्विरः बिष्णु गैह्रे/प्रमोद*



*राष्ट्रिय वाणिज्य बैंकद्वारा प्रकाशित प्रशिक्षण पुस्तिका बिमोचन गर्दै नेपाल राष्ट्र बैंकका तत्कालीन गभर्नर डा. युवराज अतिवडा*

## पत्रपत्रिकाबाट



### राष्ट्रिय वाणिज्य बैंकको नाफा बढ्यो



### खुला नीतिले अर्थतन्त्रमा व्यापक परिवर्तन : अर्थमन्त्री

# पर्वतको पातीचौरमा राष्ट्रिय वाणिज्य बैंक

पर्वत जिल्लाको देउपुर गा वि.स. वडा नं ९ स्थित नगरोन्मुख गाउं पातीचौरमा राष्ट्रिय वाणिज्य बैंक लि. १६० औ शाखा पुनर्स्थापना गरिएको छ । पुनर्स्थापित शाखाको संविधान सभाका सदस्यद्वय अर्जुनप्रसाद जोशी र कल्पना चापागाईले संयुक्त रूपमा शुभारम्भ गर्नुभयो ।



उक्त समारोहमा शुभारम्भ मन्तव्यमा सदस्यद्वयले पूर्ण सरकारी स्वामित्वको रावावैंकको शाखा स्थापनाले यस क्षेत्रको समृध्दिमा सघाउ पुग्ने विश्वास प्रकट गर्नुभयो । सो समारोहमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत कृष्णप्रसाद शर्माले बैंक विगत ५० वर्षयता राष्ट्र र जनताको सेवामा समर्पित रही आएको वताउंदै यस बैंकले न्यूनतम व्याजदरमा उपलब्ध गराईरहेको कृषि तथा साना मझौला उद्यम कर्जा सेवाको भरपूर सदुपयोग गरी यस क्षेत्रको आर्थिक उत्थानमा योगदान पुरयाउन जनसाधारणलाई आग्रह गर्नुभयो ।




उक्त समारोहमा उद्योग वाणिज्य संघ पर्वतका अध्यक्ष रामकृष्ण कर्माचार्य, जिल्ला प्रशासन कार्यालय पर्वतका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारी लगायतका वक्ताले शुभकामना मन्तव्य दिनुभएको थियो । राष्ट्रिय वाणिज्य बैंक क्षेत्रीय कार्यालय पोखराका प्रवन्धक देवेन्द्ररमण खनालको सभापतित्वमा सम्पन्न उक्त शुभारम्भ समारोहमा ब्रान्च अपरेसन विभागका प्रमुख ओमप्रकाश आचार्यले स्वागत मन्तव्य दिनुभएको थियो ।

स्मरण रहोस् द्वन्द्वकालमा यस बैंकका १०६ शाखा सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गाभ्ने कार्य भएकोमा ती शाखाहरू पुनस्थापना हुने क्रम जारी छ । सोही क्रममा कास्किको विरेठांटीमा रहेको रावावैंकको शाखा कार्यालय द्वन्द्वकालमा पोखराको महेन्द्रपुलमा गाभिएकोमा हाल त्यस शाखालाई कास्कि विरेठांटीबाट ५ किलोमिटरको दुरीमा रहेको पर्वत पातीचौरमा पुनस्थापना गरिएको हो । पुनस्थापित शाखामध्ये यो ४६ औं शाखा हो । अन्य शाखा वन्द गरिएका स्थानहरूमध्ये १६ स्थानमा ब्रान्चलेस बैकिंग सेवा विस्तार गरिसकेको छ, चालु वर्षमा थप २२ स्थानमा ब्रान्चलेस बैकिग विस्तार गरिने छ भने बांकी १५ स्थानमा आगामी आर्थिक वर्षभित्र शाखा पुनस्थापना गर्न बैंकको कार्ययोजना रहेको छ ।

# नेपाल रेडक्रसद्वारा रावावैंकलाई कदर पत्र

माघ २३ काठमाडौ

राष्ट्रिय वाणिज्य बैंकले स्वर्ण वर्षको उपलक्षमा संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत असहाय तथा गरीब परिवारलाई निशुल्क रगत उपलब्ध गराउने प्रयोजनार्थ रु १३ लाख सहयोग प्रदान गरेकोमा नेपाल रेडक्रस सोसाईटिले बैकलाई कदर पत्र प्रदान गरेको छ । उक्त कदर पत्र नेपाल रेडक्रस सोसाईटिका केन्द्रीय अध्यक्ष संजीव थापाले रावाबैकका का.मु. नायव महाप्रवन्धक सुशिल श्रेष्ठलाई हस्तान्तर गर्नुभयो । सो अवसरमा अध्यक्ष थापाले रावावैकको चाहना अनुरूप प्राप्त सहयोगलाई असहाय तथा विपन्न विरामीछेउ पुरयाईने प्रतिवध्दता प्रकट गर्नुभएको थियो ।




नेपाल रेडक्रस सोसाईटिको केन्द्रीय कर्यालयमा उक्त संस्थामा देशभरिबाटै प्रतिनिधित्व गर्ने केन्द्रीय पदाधिकारी सम्मिलित समारोहमा राष्ट्रिय वाणिज्य बैंकका का.मु.नायव महाप्रवन्धक सुशिल श्रेष्ठले आगामी दिनमा सहयोगका क्षेत्रहरू अरु फराकिलो बनाईने प्रतिवध्दतासहित धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

*राष्ट्रिय वाणिज्य बैंकद्वारा वितरण गरिने खाद्य सामाग्रिको पर्खाई*



*रावा बैंक शाखा कार्यालय नारायणगढद्वारा आयोजित खाद्य सामाग्री वितरण कार्यक्रममा सहभागि चेपाङ परिवारका सदस्यहरू*

Published by: Rastriya Banijya Bank, Central Office, General Service Department
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595
Chief Advisor : CEO Krishna Prasad Sharma, Editor in Chief : Mukunda Aryal,
Co-editor (Distribution Management): Bharat Nepal, Email:rbbnl@rbb.com.np
Computer Design & Setting : Touch Creation P. Ltd., Bagbazar, Kathmandu,Tel: 01-4215448
Printed at : Adarsha Chhapakhana Lokanthali, Bhaktapur